राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

२०७६ फागुन ७

## अनसनरत लक्ष्मण थारूको स्वास्थ्य अवस्थाप्रति संवेनदशील हुन आग्रह ।

संविधान संशोधन लगायतका विभिन्न माग राखेर गत फागुन १ गतेदेखि कैलालीको धनगढीमा आमरण अनसनमा रहेका थारूवान राष्ट्रिय मोर्चाका नेता लक्ष्मण थारूको स्वास्थ्य अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

निजको स्वास्थ्य अवस्था सम्बन्धमा आयोगको सुदूरपश्चिम प्रदेश कार्यालय धनगढीको टोलीले अनुगमन गरेको छ । अनसनका कारण निजको रक्तचापमा अस्थिरता देखिएको, टाउको दुख्ने, ढाड दुख्ने एवम् स्वास्थ्य अवस्था कमजोर हुँदै गएकोले धनगढीस्थित सेती प्रादेशिक अस्पतालको सघन कक्षमा उपचार भइरहेको अनुगमनको क्रममा बुझिएको छ । साथै, अनसनमा रहेका लक्ष्मण थारूको स्वास्थ्य अवस्था सम्बन्धमा हालसम्म सम्बन्धित निकायबाट कुनै पहल नभएको अनुगमनबाट पाइएको छ ।

अत : निजको स्वास्थ्य अवस्थाप्रति संवेदनशील भई निजका मागहरू सम्बन्धमा आवश्यक छलफल र संवाद गरी निष्कर्षमा पुग्न तथा निजको जीवन रक्षाको लागि आवश्यक पहल हुन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, आपसी विमतिका विषयहरूलाई वार्ता र संवादको माध्यमबाटै समाधान खोज्न तथा कुनै पनि समस्या समाधानको लागि आमरण अनसन जस्तो कठीन बाटो नरोज्न समेत आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव/प्रवक्ता

फोन नं. ०० ९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org